"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार : गाउँपालिकाको समृद्धिको आधार"

# अग्नीसाईर कृष्णासवरन गाउँपालिकाको

## आर्थिक बर्ष: २०८३/०८४ को

## सम्मानित १८औं गाउँसभा अधिवेशनमा

### गाउँपालिका उपाध्यक्ष श्री कल्पना कुमारी चौधरीद्धारा प्रस्तुत

# नीति तथा कार्यक्रम


अग्नीसाईर कृष्णासवरन गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

सितापुर, सप्तरी, मधेश प्रदेश, नेपाल


CamScanner

अग्नीसाईर कृष्णासवरन गाउँपालिकाको नियमित गाउँसभाको १८औं अधिवेशनमा उपस्थित हुनु भएका यस सम्मानित सभाका

सभाध्यक्ष महोदय,
सम्पुर्ण सभा सदस्य ज्युहरु,
आमन्त्रीत अतिथीगण,
राष्ट्रसेवक कर्मचारी, शिक्षक तथा स्वास्थ्यकर्मी साथीहरु
गाउँपालिकाको विकासका सहयात्री संघ-संस्थाका प्रतिनिधि ज्युहरु
विभिन्न राजनीतिक दलका प्रतिनिधि ज्युहरु
सुरक्षार्मी, पत्रकार मित्र तथा यस सम्माननीय सभामा उपस्थित सम्पुर्ण महानुभाव ज्युहरु,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेको अधिकार र सीमाभित्र रही यस गरिमामय गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई गौरवको अनुभूति भएको छ। लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई स्थानीय स्तरमै संस्थागत गर्दै संघीयताको वास्तविक लाभ नागरिकको घरदैलोसम्म पुऱ्याउने उद्देश्यका साथ हामीले जनप्रतिनिधिको रूपमा कार्यभार सम्हालेको आज चार वर्ष पूरा भइसकेको छ। हाम्रो यस पाँच वर्षे कार्यकालको यो अन्तिम वर्ष भएको हुनाले आजको दिन विगतका हाम्रा प्रयासहरूको वस्तुनिष्ठ समीक्षा गर्ने, कानुनी रूपमा निर्दिष्ट गरिएका दायित्वहरूको लेखाजोखा गर्ने र आगामी वर्षका लागि स्पष्ट एवं दिगो मार्गचित्र कोर्ने एउटा ऐतिहासिक र महत्त्वपूर्ण अवसर हो।

हामीले जननिर्वाचित प्रतिनिधिको रूपमा कार्यभार सम्हालेको विगत चार वर्षको अवधिमा यस गाउँपालिकाको समग्र भौतिक पूर्वाधार विकास, शिक्षा र स्वास्थ्य क्षेत्रको सुधार, कृषि तथा उद्यमशीलताको प्रवर्द्धन, न्यायिक समितिको सुदृढीकरण र लक्षित वर्गको सशक्तीकरणका लागि कानुनी परिधिभित्र रही इमानदार प्रयास गरेका छौं। बजेटको न्यायिक वितरण, योजनाहरूको प्रभावकारी अनुगमन, उपभोक्ता समितिहरूको क्षमता अभिवृद्धि र स्थानीय तहमा कानुनी शासनको प्रत्याभूति गराउँदै सुशासनयुक्त गाउँपालिका निर्माणका लागि हामीले आफ्नो क्षमताले भ्याएसम्म अधिकतम योगदान दिने प्रयत्न गरेका छौं, जसमा सबै क्षेत्रबाट सराहनीय सहयोग प्राप्त भएको छ।

हामीले सुरु गरेको विकास र समृद्धिको यो यात्रा आगामी पुस्ताका लागि एउटा बलियो जग र मार्गदर्शक बन्नेछ भन्ने कुरामा म पूर्ण विश्वस्त छु। विगतका चार वर्षमा हामीले भोगेका चुनौतीहरू र हासिल गरेका अनुभवहरूबाट पाठ सिक्दै यस अन्तिम वर्षलाई परिणाममुखी, जनमुखी र अविस्मरणीय बनाउने दृढ संकल्प हामीले लिएका छौं। अन्त्यमा, हाम्रो यस कार्यकालमा निरन्तर रचनात्मक सुझाव र मार्गदर्शन दिनुहुने सम्पूर्ण राजनीतिक दल, अहोरात्र खटिएर नीति कार्यान्वयनमा सहयोग गर्ने राष्ट्रसेवक कर्मचारी संयन्त्र, नागरिक समाज, सञ्चारकर्मी मित्रहरू र हामीलाई अमूल्य मत दिएर जनताको सेवा गर्ने अवसर प्रदान गर्नुहुने आदरणीय गाउँवासी दाजुभाइ तथा दिदीबहिनीहरूमा म हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्दछु।

सबै माननीय सदस्यहरूलाई यस आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रममाथि विस्तृत र रचनात्मक छलफल गरी सर्वसम्मत रूपमा पारित गरिदिनुहुन हार्दिक अनुरोध गर्दै यो नीति तथा कार्यक्रम यस सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु।

## राजनैतिक तथा शासन व्यवस्था सम्बन्धी नीति :

१. यस गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण जनसेवाका कार्यक्रमहरु जनस्तरमा पहुँच सुनिश्चित गरि सुशासन सहितको शासन व्यवस्था स्थापना गरिनेछ।
२. दैनिक प्रशासनिक सेवा प्रवाहमा प्रयोगमा आएका आधुनिक प्रविधि उपकरणहरुलाई उचित व्यवस्थापन, आवश्यक विद्युतीय शासन प्रणालीसंग सम्वन्धित उपकरणहरु व्यवस्था गरी सहज र सरल तरीकाबाट प्रसाशनिक सेवा प्रदान गरिनेछ।
३. गाउंकार्यपालिकाको नियमित कामकाजलाई कानूनसम्मत एवम प्रभावकारी रुपमा संचालन गर्न आवश्यक ऐन, नियम, विनियम, कार्यविधिहरु निर्माण र संसोधन गरिनेछ।
४. नगर प्रहरीलाई समय समयमा क्षमता अभिवृद्धि सम्वन्धी प्रहरी तालिमको व्यवस्था गरिनेछ।
५. गाउँपालिकाको कार्यालय मातहतका विषयगत शाखा महाशाखाको कार्यसम्पादन प्रकिया अस्तव्यस्त रहेको र सो अवस्थाले सेवाग्राही जनसमुदायहरुलाई असहज वातावरण वनेको हुदा महत्वपूर्ण शाखा महाशाखाहरुलाई आवश्यक जनशक्ति (कर्मचारी) पुर्वाधारको व्यवस्थापन तथा अन्य शाखाहरुलाई समायोजन गरी चुस्तदुरुस्त कार्यसम्पादनको वातावरण तयार गरिनेछ।

## संस्थागत बिकास तथा सुशासन सम्बन्धी नीति:

१. उत्कृष्ट कर्मचारी तथा शिक्षकहरुको ज्येष्टता, इमान्दारीता, कार्यक्षमता, कार्यकुशलता तथा कार्यसम्पादन स्तरलाई आधारमानी मुल्यांकन गरिनेछ।
२. समयमा पेश्की फछौंट गर्न/गराउन तथा वेरुजु असुल उपर गर्न/गराउन प्रभावकारी नीति लिइनेछ।
३. संगठन संरचना तथा व्यवस्थापन सर्वेक्षण O&M को आधारमा प्रदेश लोकसेवा आयोगबाट सहमति लिई पदपूर्ति गरिनेछ।
४. गाउँपालिकाको संस्थागत क्षमता विकास गर्न पदाधिकारी तथा कर्मचारीहरुलाई तालिम, गोष्ठी, अध्ययन, अवलोकन, भ्रमण तथा नेतृत्व क्षमता विकास तालिम दिइने व्यवस्था मिलाइनेछ। न्यायिक समितिका पदाधिकारीहरुको क्षमता विकासका लागि आवश्यक तालिमको प्रवन्ध गरिनेछ।
५. यस पालिका भित्र संचात्तलन रहेको गैर सरकारी संघ संस्थाहरुसंग समन्वय गरी क्षेत्र पहिचान गरी साझेदारी कार्यक्रम अगाडी वढाइनेछ।

## शिक्षा तथा मानवीय संसाधन विकाश :

१. सामुदायिक विद्यालयको भौतिक पूर्वाधार एवम शैक्षिक गुणस्तर बृद्धि विकासको लागि शैक्षिक सुधार कार्यक्रम संचालन गरिनेछ।
२. शैक्षिक सुशासन, व्यवस्थापनको लागि आन्तरिक शिक्षक सरुवा, दरबन्दी मिलान गरी शिक्षक व्यवस्थापन गरिनेछ।
३. सामुदायिक विद्यालयहरुमा समय सापेक्ष, कम्प्युटर शिक्षा, अनिवार्य पुस्तकालय, विज्ञान प्रयोगशाला, प्रोजेक्टर शैक्षिक विधि लागु गरिनेछ।
४. हरित विद्यालय घोषणा कार्यक्रमलाई प्रभावकारी ढंगबाट संचालन गरिनेछ।
५. विद्यालयको भवन तथा भौतिक पूर्वाधार मर्मत तथा शैक्षिक सामग्रीहरुको व्यवस्थापन कार्यलाई निरन्तरता दिईने छ।

६. आधारभुत शिक्षा/तह उमेर समुहको विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालय भित्र ल्याउने कार्यक्रमलाई निरन्तरता दिईनेछ।

७. प्र.अ. तथा शिक्षकहरुको लागि नयाँ पाठ्यक्रम, प्रवोधिकरण तालिम एवम् पुनर्ताजगी तालिमको व्यवस्था गरिनेछ।

८. कम्तीमा ५ बर्षे गाउँशिक्षा योजना निर्माण गरिनेछ।

९. स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गरिनेछ।

१०. विद्यालय अनुगमन तथा सुपरिवेक्षण कार्यलाई प्रभावकारी बनाउँदै गुणस्तरीय शिक्षालाई सुनिश्चित गरिनेछ।

११. वि.सं. २०८३ चैत्र सम्म साक्षर पालिका घोषणा गरिनेछ।

१२. विद्यालयमा अध्ययनरत छात्राहरुलाई निःशुल्क स्यानीटरी प्याड वितरण कार्यलाई निरन्तरता दिइनेछ।

१३. एक विद्यालय एक ल्यापटपका लागि थप बजेट विनियोजन गरी कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१४. विद्यालयमा अतिरिक्त कृयाकलाप, योगा शिक्षा, खेलकुद कार्यक्रम संचालन गरिनेछ।

१५. विद्यालयमा मनोपरामर्श सेवा प्रदान गर्ने सेवालाई कार्यान्वयनमा ल्याईनेछ।

१६. प्राविधिक शिक्षा सञ्चालन कार्यविधि कार्यान्वयनमा ल्याई डिप्लोमा तह सिभिल इन्जिनियरिङमा यस गा.पा. अन्तर्गतका गरीब, दलित एवम् जेहेन्दार विद्यार्थीहरूलाई प्राविधिक शिक्षामा आवश्यक बजेट व्यवस्थापन गरी आकर्षित उवम् प्रोत्साहित गराउनेछ ।

**स्वास्थ्य :**

१. स्वास्थ्लाई चुस्त दुरुस्त र तन्दुरुस्त राख्न पालिकास्तरीय जीम सेन्टरको व्यवस्थापन गरिनेछ।

२. गाउँघर क्लिनिक र खोप क्लिनिकको लागि क्रमशः आवश्यक बजेट विनियोजन गरिनेछ।

३. पालिका स्तरीय महिला र पुरुषको लागि वृहत क्यान्सर जाँच तथा रोकथाम सम्वन्धी screaning कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरिनेछ।

४. जेष्ठ नागरिक स्वास्थ्य जाँच घरदैलो अभियान कायृक्रमको लागि आवश्यक बजेट विनियोजन गरिनेछ।

५. लागु पदार्थ दुर्व्यसन नियन्त्रणका लागि स्थानीय संघसंस्थाहरुसँगको सहकार्यलाई निरन्तरता दिईनेछ।

६. मानसिक स्वास्थ्य समस्या भएका तथा मनोसामाजिक अपांगता भएका व्यक्तिको सम्मानपूर्वक वाँच्न पाउने अधिकार एवम् गुणस्तरीय जीवनको संरक्षण गर्न जनचेतना कार्यक्रम तथा मनोपरामर्श सेवा उपलब्ध गराइनेछ।

**राजश्व परिचालन सम्बन्धी नीतिः**

१. आन्तरिक आय वैज्ञानिक ढंगले प्रक्षेपण गरी सोही अनुसार करको दर र दायारामा बृद्धि गर्दै लगिनेछ।

२. व्यवसायीहरुको तथ्याङ्क संकलन गरी व्यवसाय दर्ता प्रक्रियालाई निरन्तरता दिइनेछ।

३. गाउँपालिका अन्तर्गत संचालन गरिने कृषि, पशुपक्षीजन्य व्यवसायिक फर्म, समुहको दर्ता तथा नविकरण शुल्कमा अन्य व्यवसाय भन्दा १०% कम शुल्क लिने व्यवस्था गरिनेछ।

४. गाउँपालिका भित्र दर्ता नगरी संचालनमा रहेको उद्योग, व्यापार, व्यवसाय, निजी/संस्थागत विद्यालयहरु तथा आर्थिक कारोवार गर्ने बैंक वित्तीय संस्थाहरुको नगर प्रहरी परिचालन गरी तथ्यांक संकलन गरी उक्त व्यवसायहरुलाई दर्ता गर्न लगाई करको दायारामा ल्याइनेछ।

५. ठेक्का नलागेका गाउँपालिकाको स्वामित्वका सार्वजनिक पोखरीहरुलाई ठेक्काको प्रक्रियामा ल्याई व्यवस्थापन गरिनेछ।

**कृषि, पशूपंक्षी तथा सहकारी विकासः**

१. प्रमुख कृषि वालिहरु जस्तैः आँप, धान, गहुँ, मकै, खेती गर्ने कृषकहरुलाई आवश्यक प्राविधिक सेवा उपलब्ध गराई वैज्ञानिक तथा यान्त्रिकीकरण व्यवसायिक कृषि प्रणालिमा आवद्ध गराईनेछ



कल्पना कुमारी चौधरी
उपाध्यक्ष

CamScanner

। श्रोत बीउ उत्पादनको लागि विज वृद्धि कार्यक्रम तथा पकेट क्षेत्र स्थापना गरिनेछ । जसबाट कृषकहरुको जिवनस्तरमा सकारात्मक परिवर्तन हुने अपेक्षा गरिएको छ ।

- ✓ करेसावारी तरकारी उत्पादनको लागि विउ विजन तथा प्रविधिहरुको व्यवस्थापन गरिनेछ ।
- ✓ स्यालो टुवेलहरुको व्यवस्था गरिनेछ ।
- ✓ किसानहरुलाई ५० प्रतिशत अनुदानमा कृषि यान्त्रिकरण औजारहरु उपलब्ध गराइनेछ ।

२. कृषि तथा पशुपंक्षी विमामा पालिकाबाट अनुदानको कार्यक्रम ल्याई किसानहरुलाई व्यवसायिक सुरक्षाको प्रवन्ध मिलाईनेछ ।

३. किसानहरुको वर्गीकरण गरी किसान परिचय पत्र वितरण गरिनेछ ।

४. केयर नेपाल, राष्ट्रिय कृषक समुह महासंघ र पालिकाको साझेदारीमा कृषक पाठशाला, पोषण बगैंचा, कृषि प्रसार कार्यक्रम, करार खेती लगायतका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५. करार खेतीको माध्यमबाट कृषि क्षेत्रमा रोजगारी सिर्जना गरिनेछ ।

६. पशुपंक्षी विमा अन्तर्गत सरकारले दिदैं आएको प्रिमियममा किसानको व्यवसाय सुनिश्चित गर्दै ५०% प्रिमियम गा.पा.बाट दिई पशुपालन तर्फ कृषकलाई उन्मुख गराइनेछ ।

७. न्यून आयश्रोत भएका किसानहरुलाई कृषिजन्य उत्पादन तथा पशूपंक्षीपालन कार्यमा प्रोत्साहन गर्न अनूदानको व्यवस्था गरिनेछ ।

८. दुग्ध उत्पादन व्यवसायलाई प्रवर्द्धन गर्नका लागि दुग्ध चिस्यान केन्द्र जडानको लागि दुग्ध उत्पादन सहकारीहरुलाई अनुदान कार्यक्रमलाई प्रोत्साहन दिईनेछ ।

९. गाई, भैंसी, वाखा श्रोत केन्द्रको स्थापना गराई उक्त कार्यक्रम प्रवर्द्धनका लागि विशेष कार्यक्रम ल्याइनेछ ।

१०. सहकारी डेस्क स्थापना गरिने छ ।

११. वित्तीय साक्षरता कार्यक्रम जनस्तरसम्म संचालन गरिनेछ ।

## खानेपानी तथा ढल निकास एवम फोहोरमैला व्यवस्थापन र सरसफाई :

१. गाउँपालिका भरीका सम्पुर्ण परिवारलाई शुद्ध खानेपानीको महुली सामुदायिक विकास केन्द्रको साझेदारीमा खानेपानी, सरसफाई तथा स्वच्छता कार्यक्रम संचालन गरिनेछ ।

२. गाउँघरको सडकहरुमा आवश्यकता अंनुसार ढल तथा नाला निर्माण गरिनेछ ।

३. आवश्यकता अनुसार गाउँटोलमा समरसियल बोरिङ्ग एवम ट्युवेल हस्तान्तरण गरिनेछ ।

४. गाउँपालिकाको सबै वडाहरुमा स्वच्छ तथा सुरक्षित खानेपानीको उपलब्धतामा जोड दिइनेछ ।

५. सुरक्षित खानेपानीमा सबैको पहुँच पुऱ्याउन पानी परीक्षण प्रयोगशालाको थप व्यवस्थापन गरिनेछ ।

६. दिशाजन्य लेदो व्यवस्थापन केन्द्रको निर्माण तथा स्तरउन्नति गर्न महुली सामुदायिक विकास केन्द्रको साझेदारीमा थप वजेट व्यवस्थापन गरिनेछ ।

७. सितापुर खानेपानी आयोजनाको स्तरउन्नति गर्न वजेट विनियोजन गरिनेछ ।

## विद्यूतिकरण र आधुनिक उर्जा :

१. वाँझो खेतहरुमा विद्युतीकरण गरि भुमिगत जलसिंचाईवाट कृषिजन्य उत्पादनमा वृद्धि गरिने कार्यक्रम लागु गरिनेछ ।

२. कृषिमा आधारित कृषकहरु मध्ये आर्थिक रुपले पछि परेको अति विपन्न कृषकहरुलाई कृषि मिटर जडान प्रक्रियामा लाग्ने सम्पूर्ण खर्च पालिकाले व्यहोर्ने वातावरण मिलाईनेछ ।

३. नेपाल विद्युत प्राधिकरण (NEA) र यस पालिकाको कार्यालय वीच आवश्यक समन्वय गरी सडक वत्ति प्रवर्द्धन कार्यक्रम संचालन गरी उज्यालो पालिका निर्माण गरिनेछ ।

४. सडकका पोलहरुमा वत्ती जडान तथा सोलार सडक बत्ती जडान कार्यलाई प्राथमिकता दिइनेछ ।

कल्पना कुमारी चौधरी
उपाध्यक्ष

५. स्थानीय स्तरमा उपलब्ध हुन सक्ने वैकल्पिक उर्जाका स्रोतहरुको पहिचान गरी बायोब्रिकेट होम सोलार सिस्टम, सुधारिएको चुलो, सामुदायिक बायो ग्यास प्लान्ट जस्ता कार्यक्रमहरु संचालन गर्दै प्राकृतिक श्रोतसाधनहरुको प्रयोग र व्यवस्थापन गरिदै लगिनेछ ।

## जलस्रोत तथा सिचाई पूर्वाधार :

१. महुली, गहिरी, गौरी, अमसोत, डुमरजोर खोलाहरुमा सिचाईको सम्भाव्यता अध्ययन अनुसन्धान गरी प्रादेशिक सरकार तथा संघीय सरकारसँग नहर, पक्की कुलो, निर्माण जस्ता दिर्घकालीन योजनाहरु पेश गरी कृषिजन्य उत्पादनमा बृद्धि गर्ने कार्यक्रमहरुको सुरुवात गरिनेछ ।
२. गाउँपालिका भरिका पौराणिक कुलोहरुको स्तरउन्नती र पुक्की कुलोहरु निर्माण गरी संरक्षण सम्वर्द्धन गर्ने कार्यक्रमहरुको थालनी गरिनेछ ।
३. वर्तमान समयमा हाम्रो पालिका क्षेत्रको Water Level (लेयर) दिन प्रतिदिन घटिरहेको हुँदा वातावरणीय पर्यावरणमा प्रतिकूल असर परिरहेको अवस्थामा सम्वन्धित समस्यालाई न्यूनिकरण गर्न वातावरण विदहरुसँग परामर्श लिई सम्भाव्यता अध्ययन अनुसन्धान गरिनेछ ।
४. भुमिगत जलश्रोत तथा पानीको सतहलाई टेवा पुग्ने तरिकाले चुरे वनको दक्षिणी क्षेत्रमा कृत्रिम ताल तलैयाको व्यवस्थापन गरिनेछ ।

## पूर्वाधार विकास सम्बन्धी नीति :

१. अगामी पाँच वर्षमा नदी प्रवाहित रहेको क्षेत्रका गाउँहरुमा झोलुङ्गे पुल निर्माण गर्ने आवश्यक पहल गरिनेछ । जस्तै महुली देखि भिमार, रतवला देखि तीन घरे, ईटहर्वा मंडल टोल देखि ईटहर्वा सदा टोल आदि ।
२. ग्रामीण सडक तथा शाखा बाटोहरुको स्तरउन्नती गरी यातायात सेवालाई सहज वनाईनेछ ।
४. गाउँपालिका प्रशासनिक भवन, वडा कार्यालय, स्वास्थ्य चौकी, बर्थिङ्ग सेन्टर, विद्यालय भवन, सामुदायिक भवन जस्ता अत्यावश्कीय भवन संरचनाहरुको निर्माण कार्यलाई उच्च प्राथमिकता दिइनेछ ।

## सुरक्षित आवास व्यवस्था :

१. आवधिक योजना अर्न्तगत यस पालिका अन्तर्गतका अति विपन्न घरधुरी पहिचान गरी सुरक्षित आवास निर्माणको प्राथमिकतामा राखि आवास हस्तान्तरण गर्ने योजना रहेको छ । यसका लागि पालिकाले अविलम्व जनता आवास कार्यक्रम, सहरी विकास मन्त्रालय, महुली सामुदायिक, ह्याविटे नेपाल, वास नेपाल, साहारा नेपाल, कोशि पीडित समाज सम्वन्धित संघ संस्थाहरुसँग समन्वय तथा छलफल गरी कार्यक्रम अगाडी बढाइनेछ ।
२. नमूना बस्तीहरुको परिकल्पना गरि कार्यान्वयनमा ल्याईनेछ ।
३. सुरक्षित नागरिक आवास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

## भूमी व्यवस्थापन तथा सहरी विकास :

१. सहरी विकास मन्त्रालयको सहयोग, पालिकाको आन्तरिक बजेटवाट यस पालिका क्षेत्रमा रहेका हाट बजारहरु: महुली, जण्डौल, तपेश्वरी, बनौली, विशाल चौक, सितापुर, चाँदनी चौक, प्रसवनी, मटिगढा, हरिहरपुरमा बृहत गुरु योजना सहित भौतिक पुर्वाधारहरुको विकास गरिनेछ एवं हाट बजारलाई व्यापार व्यवसाय मैत्री बनाई आन्तरिक राजस्वमा बृद्धि गरि आत्मनिर्भर पालिका निर्माण गर्ने परिकल्पना गरिनेछ ।

कल्पना कुमारी चौधरी
अध्यक्ष



CamScanner

२. शहरको रुपमा विकास भईरहेका महुली बजार, जण्डौल बजार, प्रसवनी हाट, रामजानकी बजार, चाँदनी चौक लगायतका बजारहरुलाई आधुनिक तथा स्मार्ट सिटीको रुपमा विकास गर्न संघ र प्रदेश सरकार समक्ष आवश्यक पहल गरिनेछ ।

३. खेतीयोग्य जग्गाहरुबाट उत्पादन बढाउन तथा बाँझो राख्न नदिन भूमि बैंकको स्थापनाका लागि ठोस नीति कार्यान्वयनमा ल्याईनेछ ।

४. भूमि समस्या समाधान आयोगसँग आवश्यक समन्वय गरी गा.पा. भित्र रहेका भूमिहिन दलित, सुकुम्वासी तथा अव्यवस्थित बसोवासीहरुलाई लालपुर्जा वितरणको व्यवस्थापन गरिनेछ ।

५. महुली बजार क्षेत्रको साविक बकधुवा गाउँ पञ्चायतको नाममा दर्ता रहेको जग्गालाई ऐतिहासिक अभिलेख र दीर्घकालिन भोगचलनका आधारमा वास्तविक घरधनी र जग्गाधनीहरुको नाममा श्रेस्ता कायम गरी लालपुर्जा उपलब्ध गराउन भूमि व्यवस्थापन, मालपोत र नापी कार्यालयसँग आवश्यक समन्वय तथा कानुनी प्रक्रिया अघि बढाईनेछ ।

## पर्यटन पूर्वाधार विकास तथा प्रवर्द्धन :

१. ऐतिहासिक धरोहर बोकेका तिरहुत थान (गौरीमोराइन) बाट कृष्णासवरन हुँदै अग्नीसाईर मन्दिरसम्म जोडने पद मार्ग (हाईकिङ्ग ट्रेल निर्माण) को आवश्यक विकास गरी धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न बृहत गुरुयोजना सहितको दिर्घकालीन योजना ल्याईनेछ ।

२. अधुरो रहेको धार्मिक पर्यटकीय स्थल कजला दह, अग्नीसाइर देवस्थल, कृष्णासवरन मन्दिर र लडूवा बाबा थान लगायतलाई प्रभावकारी ढंगबाट संरक्षण सम्वर्द्धन एवं सौन्दर्यकरण गरी पर्यटकीय स्थलको रुपमा विकास गर्ने ठोस योजना ल्याइनेछ ।

## कला संस्कृति तथा खेलकुद विकास :

१. मौलिक परम्परा तीज, जितिया, समाचकेवा, माघी, मोहरम, फागु पुर्णिमा, लोसार, छठ लगायतका कार्यक्रम संचालन गर्न जातीय संघ संस्थाहरुलाई सहयोग गरिनेछ ।

२. योग तथा अध्यात्मिक शिविरहरु सामुदायिक एवम् संस्थागत विद्यालयहरुमा संचालनमा ल्याईनेछ ।

३. गाउँघरमा रहेको भजन किर्तन मण्डलीहरुलाई सम्मान स्वरुप सहयोगका कार्यक्रम ल्याईनेछ ।

४. पालिका भित्रका ईतिहास बोकेका घोंघिदाहा, जण्डौल, मोहनपुर, प्रसवनी, मटिगढा, सितापुर, हरिहरपुर, बनौली, भिमारमा रहेको खेलमैदानहरुको स्तरउन्नती गरिनेछ ।

५. आधूनिक कभर्डहलको स्थापना गरिनेछ ।

६. खेलकुद तथा खेलाडीमा योजनावद्ध लगानी गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

## महिला सम्मानता र शसक्तिकरण :

१. सामाजिक क्रियाकलापहरुमा नेपाल सरकारको प्रचलित कानून बमोजिम निर्धारण गरिएको ३३% महिला सहभागिताको वातावरण सृजना हुने गरी कार्यक्रमहरुमा सहभागिता गराईनेछ ।

प्रजनन स्वास्थ्य, मातृत्व संरक्षण शिक्षा सम्वन्धी तालिम, गोष्ठी, सेमिनारहरु संचालन गरिनेछ ।

३. महिलाहरुलाई उद्यमी बनाउदै आत्मनिर्भर बनाउने लक्ष्यका साथ प्रत्येक वडाबाट कम्तीमा २५ जना महिलालाई उद्यमी तालिम दिई संगठित बनाउदै लैजानेछ ।

४. महिलाहरुको आर्थिक, सामाजिक र राजनीतिक अधिकारहरुको संरक्षण र सम्वर्द्धन गरिनेछ ।

५. महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण तथा विभेद र बहिष्करणको रोकथाम एवम् नियन्त्रणका लागि कार्यक्रमहरु संचालन गरिनेछ ।

६. हिंसा पीडित महिला तथा बालबालिकाहरुलाई मनोसामाजिक परामर्श तथा पुनःस्थापनका लागि आवश्यक प्रवन्ध गरिनेछ ।

कल्पना कुमारी चौधरी
उपाध्यक्ष



...।०८४ को नीति, योजना ... पृष्ठ संख्या- ७

७. सशक्त महिला समृद्ध नेपाल कार्यक्रमलाई प्रवर्द्धन गर्ने तथा Safe house को लागि भौतिक तथा आवश्यकता अनुसारको खर्च सहयोग गर्ने साथै भविष्यमा यो कार्यक्रम ६ वटै वडामा विस्तार गर्ने प्रक्रिया अगाडी बढाई कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

**जेष्ठ नागरिक बालबालिका अपाङ्ग भएकाहरुको उत्थान तथा सामाजिक सुरक्षा :**

१. जेष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा भत्ता वितरण प्रक्रियामा सहजता ल्याईनेछ ।
२. बैंकसम्म पुग्न नसक्ने अशक्त, ९० बर्ष माथिका जेष्ठ नागरिक र कडा अपाम्ता भएका व्यक्तिहरुका लागि घरमै भत्ता पुऱ्याउने व्यवस्था गरिनेछ ।
३. पालिका क्षेत्रमा कम्तीमा एकवटा अपाङ्गमैत्री विद्यालय संचालनमा ल्याईनेछ ।
४. जेष्ठ नागरिक तथा अपाङ्गहरुलाई निशुल्क एम्वुलेन्स सुविधा प्रदान गरिनेछ ।
५. वाल उद्यान तथा बाल क्लवहरुको निर्माण गरिनेछ ।
६. जेष्ठ नागरिकहरुलाई सम्मान गर्ने तथा नि:शुल्क स्वास्थ्य परीक्षण गरिनेछ ।
७. अपाङ्गता भएका व्यक्तिहरुलाई अपांगता सहायक सामाग्रीहरु वितरण गर्ने नीति लिइनेछ ।
८. विद्यालय जाने उमेर वितिसकेका किशोरीहरुलाई अनौपचारिक शिक्षा तथा शिपमुलक तालिम मार्फत सशक्तिकरण गरिनेछ ।
९. अपाङ्गताहरुलाई माँगको आधारमा शिपमुलक तालिम प्रदान गरिनेछ

**गरिवी निवारण तथा रोजगारी सिर्जना :**

१. गरिवी न्यूनिकरण तथा रोजगारीको अवस्था वृद्धि गर्न आवश्यक रणनीति वनाइनेछ ।
२. वेरोजगार र रोजगारका सम्भावनाको वास्तविकता पत्ता लगाउन रोजगार नक्साङ्कन कार्य अघि वढाइनेछ ।
३. तुलनात्मक एवम् प्रतिस्पर्धात्मक लाभका क्षेत्रहरुको पहिचान गर्न आवश्यक पहल गरिनेछ ।
४. रोजगार कार्यक्रम अन्तर्गतको कामदारहरु प्रयोग गरी गाउँपालिकाको कार्यालय लगायत मातहतका कार्यालयहरुमा आवश्यकतानुसार सरसफाई एवं वृक्षारोपण जस्ता कार्यहरुलाई निरन्तरता दिइनेछ ।

**वन, वातावरण संरक्षण:**

१. मोहनपुर सामुदायिक वन क्षेत्रभित्र जलस्रोत संरक्षण र पर्यावरण सन्तुलनका लागि नयाँ ताल/पोखरी निर्माण तथा स्तरोन्नति गर्ने; र खोला-नदी नियन्त्रण, भू-क्षय न्यूनीकरण एवं वन्यजन्तुबाट हुने बालीनाली क्षति रोक्न सिमानामा तारजाली र विद्युतीय तारबारको उचित व्यवस्था गरिनेछ ।
२. वन पैदावारमा आधारित लघु उद्यम (बाँस, जडीबुटी, मौरीपालन), पर्या-पर्यटन पूर्वाधार विकास र विपन्न वर्ग लक्षित सीपमूलक कार्यक्रम सञ्चालन गर्दै वन उपभोक्ता समूहको संस्थागत क्षमता सुदृढीकरणका लागि आवश्यक वजेट विनियोजन गरिनेछ ।

**बहुक्षेत्रीय पोषण कार्यक्रम :**

१. बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिदै कुपोषण न्यूनिकरण गर्ने तर्फ जोड दिइनेछ ।
२. पोषण प्याकेज सम्वन्धी विभिन्न पोषणयुक्त खाद्य पदार्थहरु वितरण गरिनेछ ।
३. पोषण सम्वन्धी जनचेतनामुलक कार्यक्र महरु संचालन गरिनेछ ।

कमला कुमारी चौधरी
उपाध्यक्ष



CamScanner

सभाध्यक्ष महोदय तथा सम्मानित गाउँसभा सदस्यज्यूहरू,

यो नीति तथा कार्यक्रम यस गाउँपालिकाको विकासको मार्गचित्र र गाउँवासीको माग एवं आवश्यकताको प्रतिफल हो। यसलाई तयार गर्दा मैले राजनीतिक दल, कार्यपालिका सदस्य, राष्ट्रसेवक कर्मचारी, बुद्धिजिवी, शिक्षक, समाजसेवी, गैरसरकारी संस्था लगायत सबै क्षेत्रको अमूल्य सुझावलाई समेट्ने प्रयास गरेको छु। यस प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट शिक्षामा आमूल परिवर्तन, कृषि उत्पादन र बजारीकरणमा सहयोग, रोजगारी सिर्जना तथा आर्थिक र सामाजिक विकासको माध्यमबाट सम्पूर्ण गाउँवासीको समुन्नति हुने अपेक्षा राखेको छु।

कल्पना कुमारी चौधरी
उपाध्यक्ष



CamScanner




CamScanner

श्रद्धेय अध्यक्ष महोदयज्यू,

अब म यस अग्नीसाईर कृष्णासवरन गाउँपालिकालाई आगामी आ.व.२०८३/८४ को लागि श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट कायम हुन आएको कुल बजेट रकम रु.४७,३७,४६,००० (सडचालिस करोड सैतिस लाख छियालिस हजार रुपैया मात्र) को शीर्षकगत आय र व्यय विवरण देहाय बमोजि प्रस्तुत गरेको छु ।

## आ.व. २०८३।०८४ को प्रस्तावित आय विवरण

| क.सं. | श्रोत | विवरण | आय अनुमान (रकम रु.मा) | कैफियत |
|---|---|---|---|---|
| १. | नेपाल सरकार–संघिय सरकारबाट प्राप्त हुने | बित्तीय समानीकरण अनुदान | १०,५३,००००० /– | |
| | | सशर्त अनुदान | १८,८७,००,०००/– | |
| | | विशेष अनुदान | ३,३०,००००० /– | |
| | | समपुरक अनुदान | ५०,००,०००/– | |
| | | राजश्व बाँडफाँड | १०,०६,९१,०००/– | |
| | | जम्मा संघिय सरकारबाट प्राप्त हुने | ४३,२६,९१,०००/– | |
| २ | मधेश प्रदेश सरकारबाट प्राप्त हुने | बित्तिय समानिकरण अनुदान | ७०,५५,०००/– | |
| | | विशेष अनुदान | २०,००,०००/– | |
| | | राजश्व बाँडफाँड | ७०,००,०००/– | |
| | | जम्मा मधेश प्रदेशबाट प्राप्त हुने अनुदान | १,६०,५५,०००/– | |
| ३ | आन्तरिक श्रोत | बैंक मौजदात (अनुमानित) | १,५०,००,०००/– | |
| | | आन्तरिक राजश्व अनुमान | १,००,००,०००/– | |
| | | जम्मा आन्तरिक श्रोत | २,५०,००,०००/– | |
| ४ | कुल वार्षिक आय अनुमान (१+२+३) | | ४७,३७,४६,०००/– | |

## आ.व. २०८३।०८४ को प्रस्तावित व्यय विवरण

| | | | | |
|---|---|---|---|---|
| १. | चालु खर्च | | ३२,८४,४६०००/– | |
| २. | पूँजीगत खर्च | | १४,५३,००,०००/– | |
| | कुल खर्च | | ४७,३७,४६,०००/– | |

उल्लिखित आ.व. २०८३।०८४ को लागि प्रस्ताव गरिएको आय र व्यय विवरण अनुसार स्रोत साधनको उपलब्धतालाई मध्यनजर गर्दै सबै क्षेत्रमा सन्तुलित रुपमा बजेट बिनियोजन गर्ने प्रयास गरेको छु ।

**श्रद्धेय सभाध्यक्ष महोदय एवं सभासदस्य ज्यूहरू,**

कुनै एक क्षेत्रको विकासले मात्र समग्र गाउँपालिकाको विकास हुन नसक्ने यथार्थलाई मनन गर्दै यो बजेटमा सबै क्षेत्रलाई सन्तुलित रूपमा समेट्ने प्रयास गरिएको छ। सीमित स्रोत साधनको



कल्पना कुमारी चौधरी
उपाध्यक्ष

CamScanner

सभाध्यक्ष महोदय तथा सम्मानित गाउँसभा सदस्यज्यूहरू,

यो नीति तथा कार्यक्रम यस गाउँपालिकाको विकासको मार्गचित्र र गाउँवासीको माग एवं आवश्यकताको प्रतिफल हो। यसलाई तयार गर्दा मैले राजनीतिक दल, कार्यपालिका सदस्य, राष्ट्रसेवक कर्मचारी, बुद्धिजिवी, शिक्षक, समाजसेवी, गैरसरकारी संस्था लगायत सबै क्षेत्रको अमूल्य सुझावलाई समेट्ने प्रयास गरेको छु। यस प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट शिक्षामा आमूल परिवर्तन, कृषि उत्पादन र बजारीकरणमा सहयोग, रोजगारी सिर्जना तथा आर्थिक र सामाजिक विकासको माध्यमबाट सम्पूर्ण गाउँवासीको समुन्नति हुने अपेक्षा राखेको छु।

कल्पना कुमारी चौधरी
उपाध्यक्ष



CamScanner